annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३५२ पृष्ठ ८ | काठमाडौं, सोमबार १५ वैशाख २०८२ | वैशाख शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | MONDAY, APRIL 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# डाक्टर सडकमा, बिरामी मर्कामा

सरकारले तोकेको ४८ हजार ७ सय ३७ रुपैयाँ बराबरको निर्वाह भत्ता नपाएपछि देशभरिका आवासीय चिकित्सकहरू आन्दोलनमा उत्रिएका छन् । निजी मेडिकल तथा डेन्टल कलेजहरूले भत्ता नदिँदा चिकित्सकहरूले बिरामी जाँच्न, भर्ना गर्न र डिस्चार्ज गर्नेसम्मका सेवा बन्द गरेका छन् । आन्दोलनले उपत्यकासहित देशभर बिरामीहरूको स्वास्थ्य सेवा प्रभावित भएको छ । सरकारले निर्णय गरे पनि निजी कलेजहरूले कार्यान्वयन नगरेका कारण चिकित्सकहरू झरीमा भिज्दै सडकमा उत्रन बाध्य भएका छन् । सरकारले कार्यान्वयन नगरे निजी मेडिकल कलेजसँगको सहकार्य टुट्ने चेतावनी समेत दिएको छ ।

**दिनेश गौतम** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




**२०८१ माघ २५ :**
प्रधानमन्त्री केपी ओलीको अध्यक्षमा बसेको चिकित्सा शिक्षा आयोगको बैठकबाट सबै आवासीय चिकित्सकहरूलाई मासिक निर्वाह ४८,७३७ रुपैयाँ भत्ता दिने निर्णय ।

**२०८१ माघ २६ :**
निजी मेडिकल एन्ड डेन्टल कलेजहरूद्वारा सरकारी निर्णय अनुसारको निर्वाह भत्ता दिन नसकिने घोषणा । आवासीय चिकित्सकहरूलाई आन्दोलन नगर्न चेतावनी ।

**२०८२ वैशाख ४ :**
चिकित्सा शिक्षा आयोगद्वारा निर्णय कार्यान्वयनका लागि सबै विश्वविद्यालयमा पत्राचार ।

**२०८२ वैशाख १० :**
नेपाल चिकित्सक संघद्वारा समस्या समाधानका लागि २४ घण्टे अल्टिमेटम

**२०८२ वैशाख १० :**
माइतीघर मण्डला, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र जिल्ला प्रशासन कार्यालय घेराउ

**२०८२ वैशाख ११ :**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलद्वारा निर्वाह भत्ता नदिए निजी मेडिकल एन्ड डेन्टल कलेजका कार्यहरुअघि नबढाउने चेतावनी

**२०८२ वैशाख १२ :**
मुलुकभरका आकस्मिक र सघन उपचार सेवा बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा ठप्प

**२०८२ वैशाख १३ :**
नेपाल चिकित्सक संघद्वारा सम्पूर्ण चिकित्सकलाई माइतीघर मण्डला र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन आह्वान

**२०८२ वैशाख १३ :**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्वाह भत्ता उपलब्ध गराउन निजी मेडिकल कलेज र प्रतिष्ठानलाई आग्रह

## स्मृति भवनको साटो ज्यानमारा खाल्डो



**मनिका झा** | *जनकपुरधाम*

जनकपुरधामको ऐतिहासिक गंगासागर पोखरीको पूर्वी डिल छेउमा बसोबास गर्ने स्थानीय अहिले आकाशमा बादल देख्नेबित्तिकै तर्सिन्छन्। उनीहरू दिनरात भगवान्‌सँग यही कामना गर्छन् कि हे भगवान् अहिले ठूलो पानी नपरोस्। यसको कारण हो डिलको सडकमा अलपत्र परेको करिब १५ फिट गहिरो खाल्डो।

प्रजातान्त्रिक आन्दोलनका योद्धा स्व. रामनारायण मिश्रको स्मृति भवन निर्माणका लागि जग हाल्न गंगासागर पोखरीको डिल खनिएको खाल्डो अहिले सर्वसाधारणका लागि ज्यानमारा बन्न पुगेको छ। 'यो बिना कामको भएको छ। हाम्रो त बालबच्चाहरूलाई घरबाट निस्कन आपत् भइसक्यो। यदि पानी पर्‍यो भने यो खाल्डोले ज्यानै लिने खतरा बढ्छ,' निर्माणका लागि घर छेउमै खाल्डो खनिएपछि दुःखेसो पोख्दै स्थानीय रामवती साहले भनिन्, 'काम गर्नु नै थिएन भने सुरुमै रोक्नुपर्थ्यो अब अदालतले काम रोकेको भन्छ त्यसो भए यो वर्षायाममा कम्तीमा माटो त हालेर खाल्डो पुरिदिनु पर्ने हो। त्यो पनि भइरहेको छैन।'

स्मृति भवन निर्माणसँगै दुई राजनीतिक दलबीचको विवादले अदालतको बाटो समातेपछि निर्माणकार्यमा रोक लगाइएको हो। पोखरीको डिलमा तत्काल स्मृति भवन निर्माण कार्य रोक्न उच्च अदालत जनकपुरधामले आदेश दिएपछि सडकको खाल्डो अलपत्र छाडिएको छ। निर्माणको ठेक्का पाएको ठेकेदार कम्पनीले सबै निर्माण सामग्रीहरू लगिसकेका छन्। सडक निर्माणाधीन रहेको भनी खाल्डोको वरिपरि कुनै सूचना पाटीसमेत नराखिँदा सो बाटो भएर ओहोरदोहोर गर्ने सवारीसाधनहरूको लागि समेत दुर्घटनाको सम्भावना बढाएको छ।

स्मृति भवन निर्माणको शिलान्यास भएकै बेलादेखि विवाद सुरु भएको थियो। स्व. मिश्र नेपाली काँग्रेस सम्बद्ध रहेको हुँदा उनको नाममा स्मृति भवन निर्माणकार्य हुन लागेपछि नेकपा एमालेका नेता कार्यकर्ताहरूले विवाद सिर्जना गरे।

» बाँकी पृष्ठ ६

# जनस्वास्थ्य प्रयोगशालामा साढे १९ करोड भ्रष्टाचार

## मधेस प्रदेश सचिवसहित १४ जनाविरुद्ध मुद्दा

**सुरेन्द्र काफले** | *काठमाडौं*

मधेस प्रदेश, सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इम नारायण श्रेष्ठ, हस्पिटेक इन्टरप्राइजेज प्रालिका सञ्चालक विशाल पण्डितलगायत १४ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरिएको छ। साढे १९ करोडको अनियमिततासँग सम्बन्धित यो मुद्दा प्रदेश जनस्वास्थ्य प्रयोगशालामा उपकरण खरिदका क्रममा भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस प्रकरणमा विस्तृत अनुसन्धान गरेको हो।

अख्तियारले तत्कालीन सचिव इम नारायण श्रेष्ठ, हस्पिटेक इन्टरप्राइजेज प्रालिका सञ्चालक विशाल पण्डित र अन्य १२ जनाविरुद्ध मुद्दा दायर गरेको छ। यीमध्ये लेखा अधिकृत नवीन दास, वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साह, प्रदेश प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्र, र वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्दप्रसाद साह पनि समावेश छन्।




आयोगको अनुसन्धानमा देखिएको छ कि, २०७८। ७९ आर्थिक वर्षमा मधेस प्रदेशस्थित ६४ स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशालाको स्थापनाका लागि उपकरण खरिदमा अनियमितता भएको हो। सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का विपरीत तयारी बिना खरिद प्रक्रिया अगाडि बढाइएको पाइएको छ।

अख्तियारको छानबिन अनुसार, हस्पिटेक इन्टरप्राइजेज प्रालिका सञ्चालक विशाल पण्डितसँग मिलेमतोमा यो प्रक्रिया गरिएको थियो। कम्पनीको प्राविधिक स्पेसिफिकेसनलाई प्रयोग गरेर प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आवश्यकताका आधारमा नभई, मिलेमतो गरी उपकरण खरिदको प्रक्रिया अगाडि बढाएको देखिएको छ।

यसैगरी, खाता अनुमान १९ करोड ५९ लाख ८७ हजार २०० रुपैयाँ रहेको छ, जसमा स्वास्थ्य परीक्षणका लागि चारवटा उपकरण खरिद गर्दा, अन्य फर्मलाई प्रतिस्पर्धामा सामेल नगरी हस्पिटेक इन्कसँग अनियमित सम्झौतामा हस्ताक्षर गरिएको छ। आयोगको अनुसन्धानले यो पनि पत्ता लगायो कि, हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डितको परिवारका सदस्यहरूले पनि यस्ता ठेक्कामा संलग्न थिए। पण्डितकी पत्नी, दाजु र ससुराले विभिन्न कम्पनीहरूमार्फत आपूर्ति दर निर्धारणमा मिलेमतो गरेका थिए। यसलाई 'कन्फ्लिक्ट अफ इन्टरेस्ट'का रूपमा देखा पर्न गएको छ।

खरिद प्रक्रियामा ३० दिने म्यादलाई १५ दिनमा घटाएर बोलपत्र आह्वान गरिएको थियो। यस्तो प्रक्रिया अपनाएर, अन्य प्रतिस्पर्धीहरूलाई बाहिर राख्दै, हस्पिटेक इन्कलाई मात्र लाभ पुग्ने गरी तयारी गरिएको थियो। कोभिड-१९ र मंकिपक्सका कारण विशेष परिस्थिति उल्लेख गरेर छोटो समयमा खरिद प्रक्रिया सम्पन्न गरिएको छ। यस कारणले, अन्य कम्पनीलाई सहभागी हुन अनुमति नदिई, एक मात्रै कम्पनीलाई अनुकूल बनाइयो।

अख्तियारको निष्कर्षअनुसार, ६४ स्थानीय तहमा ७ दिनको भित्र उपकरण जडान र सञ्चालन गर्न सक्ने कम्पनीलाई मात्रै ठेक्का दिइएको थियो। तर, यो उपकरण २०७९/०८/१८ सम्म कुनै पनि स्थानमा जडान गरिएको थिएन, र महालेखापरीक्षकको प्रतिवेदनले यसलाई पुष्टि गरेको छ। अख्तियारले यो प्रकरणलाई भ्रष्टाचारको मुद्दा बनाएर दोषीहरूलाई कठोर कारबाहीको माग गर्दै विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ।

## ट्रम्पले पुटिनको 'शान्ति प्रस्ताव'मा उठाए प्रश्न

**किभ** (एजेन्सी): रूसले शनिबार राति युक्रेनका विभिन्न क्षेत्रमा एकसाथ लगभग १५० ड्रोन प्रहार गरेको युक्रेनी अधिकारीहरूले जानकारी दिएका छन्। युक्रेनी वायु सेनाका अनुसार तीमध्ये ५७ ड्रोन खसालिएका थिए भने ६७ ड्रोनहरू इलेक्ट्रोनिक रूपमा निष्क्रिय पारिएको थियो।

ड्रोन आक्रमणका क्रममा डिनिप्रोपेट्रोभ्स्क क्षेत्रको पाभ्लोह्राड सहरमा एक व्यक्तिको ज्यान गएको छ भने १४ वर्षीया एक किशोरी घाइते भएकी छन्। यस्तै, ओडेसा र झिटोमिर क्षेत्रमा पनि आक्रमणका कारण दुई जना घाइते भएका छन्। खेरसोन सहरमा भएको रूसी हवाई आक्रमणमा थप चार जना नागरिक घाइते भएको जानकारी प्राप्त भएको छ। रूसको रक्षा मन्त्रालयले युक्रेनी सेनाबाट ब्रायान्स्क सीमा क्षेत्र र क्राइमिया क्षेत्रमा गरिएको ड्रोन आक्रमणलाई विफल तुल्याइएको दाबी गरेको छ। डोनेत्स्क क्षेत्रको होर्लिभका सहरमा युक्रेनी आक्रमणमा पाँच जना घाइते भएको रूसी मेयरले बताए।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपति पुटिनले 'युद्ध अन्त्य गर्ने चाहना राख्दैनन्' भन्ने धारणा व्यक्त गरे। उनले सामाजिक सञ्जालमा लेख्दै भने, 'पछिल्ला दिनहरूमा रूसी सेनाबाट नागरिक क्षेत्रमा प्रहार हुनु अत्यन्तै दुर्भाग्यपूर्ण विषय हो।' भ्याटिकनमा आयोजित पोप फ्रान्सिसको अन्त्येष्टि कार्यक्रममा ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग छोटो कुराकानी गरेका थिए।

# जब औलो हिमाल चढ्यो

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

कर्णालीमा बर्सेनि औलोको जोखिम बढिरहेको छ। यहाँका हिमाली जिल्लाहरू पनि औलोको जोखिमबाट अछुत्तो छैनन्। विगतमा औलोको समस्या नरहेको यहाँको हिमाली जिल्ला हुम्ला पनि अहिले औलोको उच्च जोखिममा परेको छ। यातायात सेवासँग जोडिदा लामखुट्टेको पहुँच विस्तारसँगै बढ्दो तापक्रमका कारण कर्णालीको हिमाली जिल्ला हुम्ला पनि औलोको उच्च जोमिखमा परेको हो।

कर्णाली प्रदेशका १० जिल्लामध्ये हुम्ला औलो रोगको उच्च जोखिममा रहेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। निर्देशनालयका अनुसार हुम्लासँगै कालीकोट, दैलेख र सुर्खेत औलोको उच्च जोखिममा छन्। प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल सुपरभाइजर श्यामलाल आचार्यले कर्णालीका हिमाली जिल्लाहरूमा पनि औलोको जोखिम बढिरहेको बताए। उनले भने, 'यहाँको हिमाली जिल्ला हुम्लामा पनि दुई जना औलो रोगका बिरामी फेला परे।



एक जना बाहिरबाट आएका र एक जना स्थानीय व्यक्तिलाई औलोको संक्रमण पहिचान भएको हो। चालू आर्थिक वर्षमा कर्णाली प्रदेशभरीमा ३८ जना औलोका बिरामी पहिचान भएका छन्।'

निर्देशनालयका अनुसार चालू आवमा कर्णाली प्रदेशका सुर्खेतमा २९, दैलेखमा ४, कालीकोटमा ३ र हुम्लामा २ जना औलो रोगका बिरामी फेला परेका हुन्। जस मध्य ३७ जना आयतित औलो रोगमा बिरामी भेटिएका छन्। एक जना स्थानीय नागरिकमा पनि औलोको संक्रमण देखिएको छ। हुम्लाको ताजाकोट गाउँपालिका, दैलेखको आठबिस नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, दुल्लु नगरपालिका, ठाटीकाँध गाउँपालिका, कालीकोटको खाँडाचक्र नगरपालिका, सुर्खेतका बराहताल गाउँपालिका, वीरेन्द्रनगर नगरपालिका, चौकुने गाउँपालिका, गुर्भाकोट नगरपालिका, लेकबेंसी नगरपालिका, पञ्चपुरी नगरपालिका र सिम्ता गाउँपालिकामा औलो रोगका बिरामी फेला गरेका छन्।

यस्तै यहाँका ७९ स्थानीय तहका ७ सय १८ वडामध्ये ३ वटा वडा औलो रोगको उच्च जोखिम छन्। ७ वटा वडा मध्यम जोखिम रहेको, ४ सय १० वटा वडा निम्न जोखिम रहेको र २ सय ९८ वडामा जोखिम नरहेको निर्देशनालयले जनाएको छ। उच्च जोखिममा रहेको वडामध्ये हुम्ला ताजाँकोट गाउँपालिका वडा नं २, ३ र ४ हुन्। न्यून जोखिममा सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. २, गुर्भाकोट नगरपालिका वडा नं. ८, मुगु खत्याड गाउँपालिका वडा नं. ८, सोरु गाउँपालिका वडा नं. ४, ५, हुम्ला जिल्लाको अदानचुली गाउँपालिका वडा नं. ३ र ताजाँकोट गाउँपालिका वडा नं ५ छन्।

**के कारणले लाग्छ औलो ?**

औलो अर्थात् मलेरिया लामखुट्टको टोकाइका कारण लाग्ने रोग हो। प्रदेश अस्पतालमा कार्यरत कन्सल्टेन्ट फिजिसियन डा.सर्जन श्रेष्ठले भने, 'मानिस तथा अन्य केही जनावरलाई समेत लाग्ने यो रोग प्लाज्मोडियम समूहका प्रोटोजोआ परजीवीका कारण लाग्ने गर्छ। लामखुट्टेले टोकेर परजीवी शरीरमा प्रवेश गर्‍यो भने त्यसको १० देखि १५ दिनमा लक्षणहरू देखिन सुरु हुन्छ।' उनका अनुसार प्लाज्मोडियम भाइभ्याक्स, प्लाज्मोडियम ओभल र प्लाज्मोडियम मलेरीआईले साधारणतया मन्द खालको औलोको सक्रमण गराउँछन्। त्यस्तै, अर्को प्रजाति प्लाज्मोडियम नोलेसीले मानिसमा रोगको सक्रमण बिरलै गराउने गरेको पाइन्छ। औलोको पहिचान गर्न रगतको नमुनालाई सूक्ष्मदर्शक यन्त्रले हेर्ने वा एन्टिजेनमा आधारित परीक्षण गर्ने गरिन्छ।

» बाँकी पृष्ठ ६